बागलुङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बागलुङ, गण्डकी प्रदेश, नेपाल

## सिलवन्दी दरभाउ पत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मिति : २०७९/०२/११

यस बागलुङ नगरपालिका क्षेत्रभित्र आ ब २०७८।०७९ मा विज्ञापन कर संकलन गर्ने कार्यका लागि नगरपालिकाको आर्थिक ऐन २०७८ मा तोकिएको दररेट अनुसार ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म/कम्पनीबाट तपशिल बमोजिम सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. यो सुचना प्रकाशित मितिले ७ औ दिनसम्म दरभाउ पत्र फाराम यस कार्यालयमा अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय कर तिरेको रसिदको प्रमाणीत प्रतिलिपी, स्थायी लेखा नम्वर (PAN) को प्रमाणीत प्रतिलिपी, आ. ब. २०७७/०७८ सम्मको अद्यावधिक नवीकरण गरेको फर्मको प्रमाणीत प्रतिलीपी र कर चुक्ता गरेको प्रमाणीत प्रतिलीपी सहित यस कार्यालयको नाममा रहेको ने.वै.लि. वागलुङ शाखाको खाता नं. ०२२०३०००००१००१००००००१ -आन्तरिक राजश्व खाता) मा जम्मा गरेको सक्कलै भौचर निवेदनसाथ पेश गरेपछि नियमानुसार दरभाउ पत्र फाराम (रकम फिर्ता नहुने गरी) यस कार्यालयवाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएका दरभाउ पत्र उल्लेख भएका सवै विवरण प्रष्टसंग लेखी फर्मको आधिकारीक प्रतिनिधि मार्फत सूचना प्रकाशित भएको मितिले ८ औ दिनको १२:०० वजेभित्र राजश्व शाखामा बुझाई सक्नुपर्नेछ ।

३. दरभाउ पत्र फारम साथ आफूले कवोल गरेको अंकको (मु.अ.कर समेत) ५ प्रतिशतले हुन आउने जमानत वापतको रकम यस कार्यालयको नेपाल वैक लि., बागलुङ शाखाको खाता नंम्वर ०२२०३०००००३०००००००००१ (धरौटी खाता) मा जम्मा गरको भौचर समावेश गर्नुपर्नेछ साथै दरभाउ पत्र स्वीकृत भएपछि सम्झौता गर्दाको बखत आफुले कवोल गरेको अंकको भ्याट सहितको ५० प्रतिशत रकम न.पा.को आन्तरिक राजश्व खातामा जम्मा गर्नुपर्नेछ र बाँकी ५० प्रतिशत बराबरको बैंक ग्यारेन्टी पत्र समावेश गर्नु पर्ने छ ।

४. दरभाउ पत्र शर्त रहित केरमेट नभएको कार्यालयले उपलब्ध गराईएको दरभाउ पत्र फारममा कुनै थपघट वा द्रष्टब्य नलेखेको हुनुपर्नेछ । समय भित्र प्राप्त नभएको रीत नपुगेका, सुचनाको शर्त विपरित भएको दरभाउ पत्र माथि कारवाही हुने छैन ।

५. दरभाउ पत्र खरिद वा दर्ता गर्ने फर्मले कामको सम्वन्धमा राम्ररी वुझि भरेको मानिनेछ ।

६. दरभाउ पत्र भर्दा दररेट स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. दरभाउ पत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

८. दरभाउ पत्रदाताले आफुले पेश गरेको कवोल अंक मूल्य अभिवृद्धि कर सहितको वा वाहेक भनी उल्लेख गर्नुपर्नेछ । यदि उल्लेख नगरेमा मूल्य अभिवृद्धि कर वाहेकको मानिनेछ ।

९. यस सुचनामा उल्लेखित कुराहरु वाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

१०. दरभाउ पत्र सम्वन्धि अन्य कुराहरु वुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । (सम्पर्क नम्वर ०६८-५२०३०९)

११. सूचनाको म्यादभित्र रितपूर्वक पर्न आएका प्रस्ताव मध्ये न्युनतम अंक भन्दा सबै भन्दा बढि रकम कवोल गर्ने प्रस्ताव छनौट गरिनेछ ।

१२. कामको विवरण निम्नानुसार छ ।

### विज्ञापन कर

| दरभाउ पत्र नं. | दरभाउ पत्र (ठेक्का) को नाम | क्षेत्र | न्युनतम अंक (भ्याट वाहेक) रु. | दरभाउ पत्र फाराम दस्तुर रु. | धरौटी रकम |
|---|---|---|---|---|---|
| ३/०७८।०७९ | विज्ञापन कर सम्वन्धी कार्य | वागलुङ नगरपालिका क्षेत्र भित्र | ९,०१,०००।- (नौ लाख एक हजार रुपैयाँ) | १००० | वोल कवोल अंक (भ्याट समेत) को ५ प्रतिशत |

प्रमुख प्रशासकीय अधिकृत

२०७९।२।११

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner